# नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : [redacted]
वेब : [redacted]


Nepal Bar Association

प.सं. ९८/२०८१/०८२

मिति: २०८१ साउन १८ गते ।


केन्द्रीय कार्यसमिति
(२०७९-२०८२)

अध्यक्ष
वरिष्ठ अधिवक्ता गोपाल कृष्ण घिमिरे

उपाध्यक्ष
अधिवक्ता हर्क बहादुर रावल
अधिवक्ता वीरेन्द्र के.सी.
अधिवक्ता पशुपति भण्डारी
अधिवक्ता सुरज खत्री
अधिवक्ता तुलाराम गिरी
अधिवक्ता उत्तम प्रसाद आचार्य
अधिवक्ता सुधिर कुमार कर्ण
अधिवक्ता आशा राई

महासचिव
अधिवक्ता अञ्जिता खनाल

कोषाध्यक्ष
अधिवक्ता भरत बहादुर राउत

सचिव
अधिवक्ता भरत कुमार लकाई

सदस्यहरु
अधिवक्ता शर्मिला थापा विष्ट
अधिवक्ता देवी प्रसाद कोईराला
अधिवक्ता किरण कुमारी साह
अधिवक्ता नारायण दास राई
अधिवक्ता नरेश कुमार साह
अधिवक्ता निर्भयराज पौडेल
अधिवक्ता सन्तोष कुमार राउत
अधिवक्ता गुणराज आचार्य
अधिवक्ता रुप बहादुर सारु
अधिवक्ता जीतेन्द्र बहादुर मडै
अधिवक्ता विनिता नेपाली
अधिवक्ता सीता पौड्याल
अधिवक्ता सन्तोष तिवारी


सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं ।

विषय :- <u>संविधान संशोधनका लागि राष्ट्रिय सम्मेलनले पारित गरेको घोषणपत्रका सम्बन्धमा ।</u>

सम्माननीय प्रधानमन्त्रीज्यू,

नेपाल बार एशोसिएशनद्वारा प्रत्येक तीन/तीन वर्षमा राष्ट्रिय सम्मेलन आयोजना गर्दै आएकोमा १६ औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलन मिति २०८१ जेठ ४, ५ र ६ गते काठमाडौंमा **"सक्षम कानून व्यवसायी, मर्यादित बार : न्यायपालिकाको पुनर्संरचना लोकतन्त्र सुदृढीकरणको आधार"** भन्ने मूल नाराका साथ आयोजना भएको र सम्मेलन भव्यताकासाथ सम्पन्न भएको व्यहोरा सम्माननीयज्यू समक्ष अवगत गराउंदछौं ।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्युबाट समुद्घाटन भई सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधान न्यायाधीशज्यू तथा राज्यका प्रमुख अङ्गका उच्च पदस्थ पदाधिकारीहरु साथै देशभरका करिब चार हजारभन्दा बढी कानून व्यवसायीहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका ख्याति प्राप्त व्यक्तित्वहरुको सहभागितामा सम्पन्न सम्मेलनले लोकतन्त्र, मानव अधिकार, स्वतन्त्र न्यायपालिका, विधिको शासन, संविधान, कानून तथा कानून व्यवसायीको पेशागत हक-हितको संरक्षण र सम्वर्द्धनसंग सम्बन्धित विभिन्न विषयहरुमा कार्यपत्रहरु प्रस्तुत भई प्राप्त सुझावका आधारमा घोषणा-पत्र समेत जारी गरेको छ ।


kanunkhabar.com
कानून खबर


नेपाल बार एशोसिएशनको १६ औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलनले जारी गरेको ३८ बुँदे काठमाडौं घोषणा-पत्रमा उल्लेख भएका विषयहरुमध्ये संविधान संशोधन गरी सम्बोधन हुनुपर्ने विषयलाई विशेष प्राथमिकतासाथ कार्यान्वयन गरी घोषणापत्रमा उल्लेख भएका न्यायालयसँग सम्बन्धित अन्य विषयहरु समेत कार्यान्वयनका लागि सम्माननीयज्यू समक्ष सादर अनुरोध गर्दछौं ।

१. नेपालको संविधानको धारा २८४(१) मा संवैधानिक परिषद् सम्बन्धि व्यवस्था अन्तर्गत प्रधान न्यायाधीश रहने व्यवस्था भएकोमा भावी प्रधान न्यायाधीशको नियुक्तिको लागि सिफारिस गर्नेमा बाहेक अन्य संवैधानिक निकायका प्रमुख र पदाधिकारीको सिफारिशमा निजको कुनै भूमिका नरहने गरी संविधान संशोधन गर्नुपर्ने विषयमा सम्माननीयज्यू समक्ष माग गर्दछौं ।

२. सर्वोच्च अदालतमा रहेको संवैधानिक इजलास एक स्थायी इजलासको रुपमा नियमति सञ्चालन हुने अवस्थामा पुऱ्याउन थप चार जना न्यायाधीश नियुक्त गरी सर्वोच्च अदालतमा न्यायाधीशको कूल संख्या पच्चिस जना रहने व्यवस्था गर्ने । प्रधान न्यायाधीश सहित वरिष्ठतम् चार जना न्यायाधीशहरु संवैधानिक इजलासमा निरन्तर रहने व्यवस्था गर्ने तथा संवैधानिक इजलासमा मुद्दाको चाप नरहेको अवस्थामा ती न्यायाधीशहरुबाट अन्य मुद्दा हेर्ने व्यवस्था मिलाउने गरी संविधानमा व्यवस्था गर्न सम्माननीयज्यू समक्ष जानकारी गराउंदछौं ।

३. संवैधानिक परिषद्को सिफारिसमा नियुक्ति हुने सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्याय परिषद्को सिफारिसमा नियुक्ति हुने सर्वोच्च अदालतका न्यायाधीशहरु संसदीय सुनुवाईको व्यवस्था हटाई प्रधान न्यायाधीशको हकमा संवैधानिक परिषद् र

**नेपाल बार एशोसिएशन**
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

Nepal Bar Association

प.सं.

मिति:

केन्द्रीय कार्यसमिति
(२०७९-२०८२)

अध्यक्ष
वरिष्ठ अधिवक्ता गोपाल कृष्ण घिमिरे

उपाध्यक्ष
अधिवक्ता हर्क बहादुर रावल
अधिवक्ता वीरेन्द्र के.सी.
अधिवक्ता पशुपति भण्डारी
अधिवक्ता सुरज खत्री
अधिवक्ता तुलाराम गिरी
अधिवक्ता उत्तम प्रसाद आचार्य
अधिवक्ता सुधिर कुमार कर्ण
अधिवक्ता आशा राई

महासचिव
अधिवक्ता अञ्जिता खनाल

कोषाध्यक्ष
अधिवक्ता भरत बहादुर राउत

सचिव
अधिवक्ता भरत कुमार लकाई

सदस्यहरु
अधिवक्ता शर्मिला थापा विष्ट
अधिवक्ता देवी प्रसाद कोईराला
अधिवक्ता किरण कुमारी साह
अधिवक्ता नारायण दास राई
अधिवक्ता नरेश कुमार साह
अधिवक्ता निर्भयराज पौडेल
अधिवक्ता सन्तोष कुमार राउत
अधिवक्ता गुणराज आचार्य
अधिवक्ता रुप बहादुर सारु
अधिवक्ता जीतेन्द्र बहादुर महै
अधिवक्ता विनिता नेपाली
अधिवक्ता सीता पौड्याल
अधिवक्ता सन्तोष तिवारी

अन्य न्यायाधीशको हकमा न्याय परिषद्ले योग्यताको परीक्षणका लागि सार्वजनिक सूचना जारी गरी संभावित व्यक्तिहरु विरुद्ध कुनै कैफियत भए सो बारे जानकारी गराउन सार्वजनिक सूचना प्रकाशन गरी नियुक्ति गर्ने व्यवस्था मिलाउन र सो बाहेक अन्य संवैधानिक पदमा नियुक्त हुनेहरुको संसदीय सुनुवाई यथावत राख्ने व्यवस्था मिलाउनका लागि सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष सादर अनुरोध गर्दछौं ।

४. सर्वोच्च अदालतको क्षेत्राधिकार पुनरावलोकन गरी संवैधानिक तथा मौलिक हकका विषयवस्तु, संघीय कानूनसंग सम्वन्धित विषयवस्तु तथा देवानी र फौजदारी विषयका गम्भीर प्रकृतिका मुद्दाको क्षेत्राधिकार पुनः परिभाषित गर्नुपर्ने देखिएको हुँदा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष जानकारी गराउँदछौं ।

५. संघ र प्रदेश बीचको अधिकार सम्वन्धी विवाद, संघीय संसदको निर्वाचन सम्वन्धी विवाद सर्वोच्च अदालतबाट हेरिनुपर्ने तथा सम्बन्धीत प्रदेश र स्थानीय तहको अधिकार तथा स्थानीय तहहरु बीचको विवादको साथै प्रदेश सभा निर्वाचन एवं स्थानीय तहको निर्वाचन सम्बन्धी बिवाद प्रदेशको उच्च अदालतलाई मुद्दा हेर्ने अधिकार प्रदान गर्ने गरी संविधानको धारा १२७ को उपधारा २ को खण्ड (क) मा संशोधन हुनुपर्ने ।

kanunkhabar.com
कानून खबर

६. विशेष अदालत, प्रशासकीय अदालत, श्रम अदालत, राजश्व न्यायाधीकरण, वैदेशिक रोजगार न्यायाधीकरण र ऋण असुली न्यायाधीकरणलाई एकीकृत गरी हरेक प्रदेशका उच्च अदालतको एकीकृत प्रशासनमा रहने गरी विकेन्द्रीकरण गर्ने र उक्त अदालत तथा न्यायाधीकरणहरु एकीकृत अदालतमा गाभी सातै प्रदेशमा गठन गर्ने व्यवस्था गर्नका लागि आवश्यक नेतृत्वदायी भूमिका निर्वाह गरिदिनुहुनका लागि सम्माननीयज्यू समक्ष सादर अनुरोध गर्दछौं ।

७. सर्वोच्च अदालतको न्यायाधीशको पदावधि संविधानमा सुनिश्चित नहुँदा न्यायपालिकाको स्वच्छता, निर्भिकता र स्वतन्त्रतामा ह्रास आएको भन्ने नेबाएद्वारा गठित न्यायपालिकाको पुनर्संरचना अध्ययन तथा सुझाव समितिले प्रदेशस्तरीय भेला समेतबाट राय संकलन गरी पेश गरेको प्रतिवेदनको कार्यकारी सारांश एवं नेबाएको सुर्खेतमा सम्पन्न वार्षिक साधारण सभा र चितवनमा सम्पन्न केन्द्रीय कार्यकारिणी परिषद्को ४९ औं बैठक समेतबाट भएको निर्णय तथा निर्देशन एवं यस राष्ट्रिय सम्मेलनमा छलफल भई प्राप्त भएको प्रतिवेदनहरुलाई ग्रहण गर्दै सर्वोच्च अदालतमा नियुक्त हुने न्यायाधीशहरुको पदावधि तोक्ने सम्वन्धमा आवश्यक पुनरावलोकन गरी संविधान संशोधन गर्नका लागि सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष सादर अनुरोध गर्दछौं ।

८. स्थानीय तहमा रहेका न्यायिक समितिलाई मेलमिलाप गर्ने भूमिकामा सीमित गर्ने । संविधानको अनुसूची आठमा उल्लेख भएको व्यवस्था अनुसार स्थानीय अदालत गठन गरी मेलमिलापबाट समाधान हुन नसकेका मुद्दाहरु न्यायिक समितिले स्थानीय अदालतमा पठाउने । हरेक स्थानीय तहमा आवश्यकता अनुसार स्थानीय तहको अदालत स्थापना गरी स्थानीय अदालत सम्वन्धी व्यवस्था गर्न र स्थानीय अदालतका न्यायाधीशको नियुक्ति, कार्य क्षेत्र र सेवाको शर्त तर्जुमा गर्ने कानून निर्माण सम्वन्धी अधिकार प्रदेश सरकारलाई दिनका लागि नेबाए नेपाल सरकार समक्ष सादर अनुरोध गर्दछ ।

**नेपाल बार एशोसिएशन**
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

Nepal Bar Association

प.सं.

मिति:

केन्द्रीय कार्यसमिति
(२०७९-२०८२)

अध्यक्ष
वरिष्ठ अधिवक्ता गोपाल कृष्ण घिमिरे

उपाध्यक्ष
अधिवक्ता हर्क बहादुर रावल
अधिवक्ता वीरेन्द्र के.सी.
अधिवक्ता पशुपति भण्डारी
अधिवक्ता सुरज खत्री
अधिवक्ता तुलाराम गिरी
अधिवक्ता उत्तम प्रसाद आचार्य
अधिवक्ता सुधिर कुमार कर्ण
अधिवक्ता आशा राई

महासचिव
अधिवक्ता अञ्जिता खनाल

कोषाध्यक्ष
अधिवक्ता भरत बहादुर राउत

सचिव
अधिवक्ता भरत कुमार लकाई

सदस्यहरु
अधिवक्ता शर्मिला थापा विष्ट
अधिवक्ता देवी प्रसाद कोईराला
अधिवक्ता किरण कुमारी साह
अधिवक्ता नारायण दास राई
अधिवक्ता नरेश कुमार साह
अधिवक्ता निर्भयराज पौडेल
अधिवक्ता सन्तोष कुमार राउत
अधिवक्ता गुणराज आचार्य
अधिवक्ता रुप बहादुर सारु
अधिवक्ता जीतेन्द्र बहादुर मडै
अधिवक्ता विनिता नेपाली
अधिवक्ता सीता पौड्याल
अधिवक्ता सन्तोष तिवारी

९. संविधान बमोजिम प्रारम्भ गरिने महाभियोग प्रस्तावका सम्बन्धमा आरोपित तथ्यको छानबिन गरी सो समितिले कार्य प्रारम्भ गरेको मितिले छ महिनाभित्र टुंगो लगाउने गरी बाध्यात्मक कानूनी व्यवस्था गर्न वान्छनीय भएको हुँदा यसै बमोजिम हुने संवैधानिक व्यवस्था गर्न सम्माननीयज्यू समक्ष सादर अनुरोध गर्दछौं ।

१०. संविधानको धारा १४९ को उपधारा २ को (ग) मा रहेको जिल्ला न्यायाधीशको रिक्त पदमा कानून व्यवसायीहरुबाट मात्र नियुक्ति गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । साथै उच्च अदालतका न्यायाधीशहरुको निवृत्तिभरण अवधि सर्वोच्च अदालतका न्यायाधीश सरह हुने गरी कानून संशोधन गर्न र उच्च अदालतको न्यायाधीश पदमा नियुक्ति सिफारिस हुने व्यक्तिहरुलाई राष्ट्रिय न्यायिक प्रतिष्ठानमार्फत कम्तिमा तीन महिनाको अनिवार्य तालिम दिईने व्यवस्था गरी जिल्ला न्यायाधीशको हकमा परीक्षा लिंदा फैसला गर्ने क्षमता, मुद्दामा रहेका विवादित विषयको पहिचान, कानूनको ज्ञान, फैसला लेखन जस्ता बिषयको परीक्षण गरी मिशिल अध्ययनमा आधारित परीक्षा प्रणालीको बिकास गर्नका लागि सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष सादर अनुरोध गर्दछौं ।

११. संवैधानिक अंगहरुहरुको नियुक्ति योग्यता र क्षमताको आधारमा समावेशी सिद्धान्तको अवलम्बन गरी नियुक्ति गर्न सम्माननीयज्यूसमक्ष सादर अनुरोध गर्दछौं ।

kanunkhabar.com

१२. संक्रमणकालिन न्याय यथाशिघ्र सम्पन्न गर्नको लागि संसदमा विचाराधीन रहेको बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयक पीडितमैत्री बनाईनु पर्नेमा नेपाल बार एशोसिएशनको धारणा रहेको सम्माननीयज्यू समक्ष जानकारी गराउंदछौं ।

कानून खबर

१३. कानूनको मस्यौदालाई स्तरीय बनाउने उद्देश्य समेतले स्थापित नेपाल कानून आयोगको भूमिकालाई अझ बढी प्रभावकारी र स्तरीय बनाउन सम्माननीयज्यू समक्ष जानकारी गराउंदछौं ।

राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र र विभिन्न विषयसँग सम्बन्धित कार्यपत्रहरु सम्मेलनबाट पारित भएको र उक्त विषयवस्तुहरु दीर्घकालीन र अल्पकालीन प्रकृतिका भएकोमा यथाशीघ्र तत्काल कार्यान्वयनमा लैजानुपर्ने भनी नेपाल बार एशोसिएशन, सल्लाहकार समितिको मिति २०८१/०३/१२ मा निर्णय समेत व्यहोरा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष सादर अनुरोध गर्दछौं ।

१६ औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलनद्वारा पारित घोषणापत्र यसैसाथ संलग्न गरिएको व्यहोरा समेत सम्माननीयज्यू समक्ष सादर अवगत गराउंदछौं ।

अञ्जिता खनाल
महासचिव